# वीरगंज महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
आदर्शनगर, वीरगंज, पर्सा
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८३/८४
चलानी नं. : 620

मिति :- २०८३।०५।०३

# सूचना ! सूचना !! सूचना !!!

वीरगंज महानगरपालिकाभित्र दर्ता भई नियमित रुपमा प्रकाशन तथा प्रसारणमा रहेका सबै पत्रपत्रिका (दैनिक, साप्ताहिक, पाक्षिक, मासिक), अनलाईन सञ्चार माध्यम, एफ एम रेडियो तथा टेलिभिजनलाई वीरगंज महानगरपालिकाले लोककल्याणकारी विज्ञापन वितरणका लागि सूचिकृत हुन आउनको लागि सूचना आव्हान गर्ने आमसञ्चार माध्यम प्रवर्द्धन तथा नियमन समितिको वैठकबाट निर्णय गरेको हुदाँ यो सुचना प्रकाशित भएको मितिले तीस (३०) दिन भित्र (मिति २०८३ असोज १ गते भित्र)मा सबै आम संचार माध्यमहरुले वीरगंज महानगरपालिकाको प्रकाशन, प्रसारण तथा सूचना शाखामा सूचिकृत हुनको लागि तोकिए अनुसारको आवश्यक कागजात सहित पेश गर्नु हुन जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । लोककल्याणकारी विज्ञापनमा सहभागी हुन चाहने सबै सञ्चार माध्यमहरुले महानगरपालिकाको वेबसाईट www.birgunjmun.gov.np वा महानगरपालिकाको प्रकाशन, प्रसारण तथा सूचना शाखाबाट फारम उपलब्ध गराईनेछ । लोक कल्याणकारी विज्ञापन प्राप्त गर्नको लागि **देहायका शर्तहरु पुरा गरेको** हुनुपर्नेछ :–

१. अनुसूचि (१) बमोजिमको ढाँचामा निवेदन (लोककल्याणकारी विज्ञापन वितरण सम्वन्धि कार्यविधि २०७८),
२. नेपालको संविधान र प्रचलित कानुनको पालना गरेको,
३.३६५ दिनमा पत्रपत्रिकाको हकमा कम्तिमा ३०० दिन प्रकाशन तथा विद्युतिय संचार माध्यमको हकमा कम्तीमा ३३० दिन नियमित प्रसारण भएको,
४.कर चुक्ता प्रमाणपत्र
५.स्थायी लेखा नम्वर (PAN)/ मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र
६.अडिट रिपोर्ट (आ.व.२०८१/८२)
७.पत्रपत्रिका प्रकाशित गर्ने स्थायी प्रमाणपत्र
८.छापाखानाबाट नियमित प्रकाशन भएको भनी सिफारिस पत्र
९. प्रेस काउन्सिल नेपालको अंक तालिका (पत्रपत्रिकाको हकमा मात्र )
१०. अनलाइन सञ्चार माध्यम सूचिकरण प्रमाणपत्र नविकरण भएको

# वीरगंज महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

आदर्शनगर, वीरगंज, पर्सा

मधेश प्रदेश (नेपाल)

२०७४

११.अनलाइन सञ्चार माध्यम दर्ता प्रमाणपत्र नविकरण भएको

१२.कम्पनी दर्ताको प्रमाणपत्र (विद्युतीय सञ्चार माध्यमको हकमा मात्र )

१३.कम्पनी अद्यावधिक (विद्युतीय सञ्चार माध्यमको हकमा मात्र )

१४. लाइसेन्स नविकरण भएको (विद्युतीय सञ्चार माध्यमको हकमा मात्र )

१५. नियमित प्रसारण गर्न स्वीकृति पत्र (विद्युतीय सञ्चार माध्यमको हकमा मात्र )

१६.इजाजतपत्र नविकरण भएको (विद्युतीय सञ्चार माध्यमको हकमा मात्र )

१७. एफ एम रेडियो तथा टेलिभिजनको हकमा कार्यक्रम सेडुल

१८.वी.म.न.पा.को राजश्व शाखामा सूचिकृतका लागि तिरेको दस्तुरको सक्कल रसिद

**पुनश्च :- माथि उल्लेखित शर्तहरु ७ र १२ मा नयाँ सञ्चार माध्यमको हकमा मात्र बुझाउनु पर्नेछ ।**

२०८०।५।२

...................

बसन्त बहादुर वोहरा

(प्रमुख प्रशासकिय अधिकृत)

**प्रमुख प्रशासकिय अधिकृत**